कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुरबाँके,

लुम्बिनी प्रदेश, नेपाल

Google Plus Code

5MXQ+5CJ

Kohalpur

पत्र सं.: २०८२/८३

चलानी नं.:

**विषय : शिक्षण सिकाइ सहजकर्ता आवश्यकता सम्बन्धमा।**

प्रथम पटक प्रकाशित मिति : २०८२/०४/२२ गते

कोहलपुर नगरपालिका शिक्षण सिकाइ सहजकर्ता कार्यविधि २०८० को बुदाँ ७ बमोजिम देहायको पदमा पदपूर्ति प्रयोजनका लागि योग्यता पुगेका उम्मेदवारहरूबाट मिति २०८२ भाद्र ०५ गतेसम्म दरखास्त आह्वान गरिन्छ।

तपसिल :

| क्र. सं. | पद/तह | विषय | संख्या | विज्ञापन नं | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | शिक्षण सिकाइ सहजकर्ता (माध्यमिक तह) | सामाजिक | १ | ०१/०८२/८३ | - मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। |
| २ | शिक्षण सिकाइ सहजकर्ता (आधारभूत तह) | सामाजिक | २ | ०२/०८२/८३ | - मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ३ | शिक्षण सिकाइ सहजकर्ता (आधारभूत तह) | नेपाली | १ | ०३/०८२/८३ | - मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |

१. आवश्यक न्यूनतम योग्यता :

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र अध्यापन अनुमति पत्रको प्रतिलिपि
- दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

२. उम्मदेवारले अनिवार्य रुपमा पेश गर्नु पर्ने थप आवश्यक कागजातहरू :

- नगरपालिकाले निर्धारण गरेको दरखास्त फाराम। (शिक्षा तथा खेलकुद शाखाबाट लिन सकिने)
- माध्यमिक तहको लागि रु. १०००/- र आधारभूत तहको लागि रु. ७००/- को परीक्षा दस्तुर जम्मा गरेको सक्कल रसिद।
- कोहलपुर नगरपालिकाको स्थायी बासिन्दा रहेको उम्मेदवारले नागरिकता वा बसाइसराइ वा वैवाहिक कारण कोहलपुरको स्थायी बासिन्दा हुने महिलाको हकमा विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपि।

३. परीक्षा सम्बन्धी थप प्रावधान :

- परीक्षाको माध्यम लिखित तथा मौखिक हुनेछ र आवश्यक परेको खण्डमा प्रयोगात्मक परीक्षा समेत लिन सकिनेछ।
- परीक्षा सम्बन्धी थप कार्यतालिका दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट सार्वजनिक गरिनेछ।
- परीक्षासम्बन्धी पाठ्यक्रम शिक्षण सिकाइ सहजकर्ता कार्यविधिले निर्धारण गरे बमोजिम हुनेछ। (कार्यविधि अनुसार शिक्षक सेवा आयोगले निर्धारण गरेको विषयगत परीक्षा र अन्तरवार्ता मात्र संचालन गरिनेछ भने सामान्य वा वस्तुगत परीक्षाको प्रावधान रहने छैन।
- नगरपालिकाले निर्धारण गरेको ढाँचाको फोटो सहितको दरखास्त फाराम
- दरखास्त पेश गर्ने अन्तिम मिति २०८२/०५/०५ गते कार्यालय समयभित्र। रीत नपुगेको र तोकिएको समयभन्दा पछि प्राप्त दरखास्त स्वीकृत गरिने छैन। दोब्बर दस्तुरको व्यवस्था छैन।
- सिकाइ सहजकर्ताको पारिश्रमिक तथा सेवा सुविधा शिक्षण सिकाइ सहजकर्ता कार्यविधि २०८० को दफा १६ बमोजिम कायम गरिनेछ।
- लिखित परीक्षामा सफल हुने उम्मेदवारलाई करार सूचीमा राखी आवश्यकता र प्राथमिकताका आधारमा विद्यालयमा खटाउन सकिनेछ।

..........................

मान बहादुर गिरी

प्रमुख प्रशासकीय अधिकृत